# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

**खण्डः ०२** **संख्याः ११** **मितिः फाल्गुन २७, २०७५**


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

### विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

**प्रस्तावना :** संविधानको मौलिक हक अन्तर्गत व्यवस्था भएको महिला, वालवालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरुको विशेष हकलाई मनन गर्दै नगर क्षेत्रभित्रका यी नागरिकहरुको सामाजिक सुरक्षा सम्बन्धीविभिन्न समस्याकोसमाधानगर्दै विपन्न वर्गका नागरिकहरुलाई सहायता उपलव्ध गराउनएक छुट्टैकोष स्थापना गर्नेउद्देश्यले कोषको गठन तथा संचालन गर्न वान्छनीय भएकोलेस्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ बमोजिम यो महिला, बालबालिका, सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाई लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम महिला, बालबालिका सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “कोष” भन्नाले महिला, बालबालिका सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोषलाई सम्झनु पर्दछ ।

(ख) “निवेदन” भन्नाले महिला, बालबालिका सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोषबाट लाभ लिने लाभग्राहिले दिएको कार्य विधिको अनुसूची १ बमोजिमको निवेदन सम्झनु पर्दछ ।

(ग) “प्रमुख” भन्नाले टोखा नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) “उपप्रमुख” भन्नाले टोखा नगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले टोखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “स्वास्थ्य संस्था” भन्नाले अस्पताल, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

(छ) “नगर सभा” भन्नाले टोखा नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ज) “नगर कार्यपालिका” भन्नाले टोखा नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) “वडा” भन्नाले टोखा नगरपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ञ) “वडा अध्यक्ष” भन्नाले टोखा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

३. **कोषको उदेश्य :**

(क) विपन्न वर्गका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक सुरक्षा आवश्यक पर्ने नागरिकलाई सहज, सरल र पारदर्शी ढंगले सहयोग उपलव्ध गराउने ।

(ख) विपन्न वर्गको विविध समस्यालाईनिजहरुको आर्थिक अवस्थाको आधारमा राहात उपलब्ध गराउने ।

(ग) विपन्न वर्गलाई आउन सक्ने कुनै आर्थिक संकटवा अन्य त्यस्तै प्रकारको जोखिमको तत्कालिन न्यूनिकरणको लागि सहयोग पुऱ्याउने ।

(घ) नेपाल सरकारले निशुल्क रुपमा औषधि उपचार गराउने बाहेकका अन्य रोगको उपचारमा समेत सहयोग गर्ने ।

(ङ) अति विपन्न तथा जेष्ठ नागरिकहरुको पीडादायी जिवनलाई सरल र सहज बनाउन सहयोग पुऱ्याउने ।

(च) आर्थिक विपन्नताले गर्दा सुरक्षित मातृत्ववाट वञ्चित गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्था वा अस्पतालसम्म पुर्‍याई तत्काल हुने क्षतिबाट जोगाउने ।

(छ) विपन्न, टुहुरा, अपाङ्ग लगायत आर्थिक सहयोगको आवश्यकता परेका वालवालिकाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

(ज) आर्थिक रुपमा विपन्न महिला तथा अपाङ्गहरुलाई आत्मनिर्भर हुन सहयोग गर्ने।

(झ) जेष्ठ नागरिकहरुका ज्ञान सीपलाई समाजमा स्थापित गराउन सहयोग गर्ने ।

## ४. **<u>कोषको क्षेत्र</u> :**

(क) यस टोखा नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा लिएका महिलाहरुलाई प्रोत्साहन (पोषण खर्च) स्वरुप नगरपालिकाबाट रु.५,०००।- (अक्षरेपी पाँच हजार) उपलब्ध गराइनेछ। साथै त्यस्ता महिलालाई प्रसुतीको लागि प्रेषण गर्नु परेमा एकमुष्ट रु.१०,०००।-(अक्षरेपी दश हजार) उपलब्ध गराइनेछ ।

(ख) अपाङ्ग तथा आर्थिक रुपले विपन्न महिलाहरुलाई आत्म निर्भर वनाउन निजहरुको प्रस्तावको आधार तथा वडा कार्यालयको सिफारिस तथा कोष संचालन समितिको निर्णयको आधारमा नगर कार्यपालिकाको निर्णय वमोजिम अधिकतम् रु ५० हजार सम्म ३ वर्षको लागि व्याज अनुदानमा विना धितो सापटी उपलव्ध गराइनेछ।

(ग) विपन्न, टुहुरा, अपाङ्ग लगायत आर्थिक सहयोगको आवश्यकता परेका वालवालिकाहरुलाई नगर बाल संजाल रवडा कार्यालयको सिफारिसमा कोष संचालन समितिको निर्णयको आधारमा नगर कार्यपालिकाको निर्णय अनुसारविभिन्न शिर्षकमा खर्च गर्ने गरी अधिकतम् रु.५० हजार सम्म आर्थिक सहयोग उपलव्ध गराउने ।

(घ) पारिवारिक संरक्षण प्राप्त गर्न नसकेका र वेवारिसे अवस्थामा रहेका असहाय जेष्ठ नागरिकहरुलाई व्यवस्थापन गर्नवडा कार्यालयको सिफारिसको आधारमा वृद्धाश्रम सम्म लैजान तथा अन्य आवश्यक देखिएको सहयोग उपलव्ध गराउन अधिकतम् रु.१० हजार सम्म सहयोग उपलव्ध गराउने ।

(ङ) माथि उल्लेखित नागरिकहरुले यस कोषवाट सहयोग प्राप्त गर्न अनूसूचि १ बमोजिम स्थायी बसोवास रहेको वडा कार्यालयमा फाराम भरी पेश गर्नु पर्नेछ र वडा कार्यालयले कोष संचालक समितिमा कार्यालयको सिफारिस सहित पेश गर्नु पर्नेछ ।

(च) आवश्यक कागजात पूरा भएमा उपदफा (क) देखि (घ)बमोजिमको सहयोग नगर कार्यपालिकाले तुरुन्त उपलब्ध गराउनेछ ।

(ज) कुनै प्रकोप वा विपत्ति आएमाकोषमा रहेको बचत रकमबाट समितिले निर्णय गरे बमोजिम रकम खर्च गर्न सकिनेछ ।

(झ) यस कार्यविधि वमोजिमको सहयोग उपदफा (क) को हकमा अधिकतम् २ पटक सम्म तथा अन्यको हकमा एक जनालाई एक पटक भन्दा वढी उपलव्ध गराईने छैन ।

(ञ) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि माथि उल्लेख भए बाहेकका अन्यअवस्थामा आवश्यकता हेरी नगरप्रमुखले तत्काल रु.५ हजारसम्मको सहयोग प्रदान गर्न सक्नेछन ।

## ५. कोषको संचालन समिति सम्बन्धी व्यवस्था :

(क) नगरपालिकामा उल्लेखितकोष सञ्चालनका लागि देहाय बमोजिमको कोष सञ्चालन समितिको गठन हुनेछ :

(१) नगर प्रमुख –संयोजक

(२) उपप्रमुख –सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी –सदस्य

(४) सामाजिक विकास समितिका संयोजक –सदस्य

(५) स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

समितिमा कोषबाट सहयोगको लागि सिफारिस गर्ने वडाको वडा अध्यक्ष र अन्य सम्वन्धित शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

(ख) बुँदा ५ (क)बमोजिम गठित कोष सञ्चालन समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ । उक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हूनेछ :

(१) वडा कार्यालयको सिफारिस तथा अन्य आवश्यक कागजात सहितको प्राप्त निवेदन संकलन गर्ने ।

(२) सहयोग माग गर्ने लाभग्राहीले अनुसूची १ बमोजिम पेश गरेको निवेदन र अन्य कागजातका आधारमा सहयोग दिन सकिने वा नसकिने व्यहोरा एकीन गरी सोही बमोजिम निर्णय गर्ने ।

(३) सहयोग उपलव्ध गराउने निर्णय गर्दापुरानो विवरण हेरी नदोहोरिने गरी निर्णय गर्नुपर्नेछ ।

(४) बाह्य श्रोतबाट कोषमा रकम जम्मा गर्न पहल गर्ने साथै मौज्दात रकमको अवस्था हेरी थप रकम आवश्यक भए जुटाउन पहल गर्ने ।

(५) समितिको निर्णयबाट खर्च भएको कोषको खर्च रकमको विवरण महिना समाप्त भएपछि बस्ने नगरकार्यपालिकाको बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(ग) समितिको बैठक आवश्यता अनुसार बस्न सक्नेछ ।

(घ) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका विशेषज्ञ वा निकायसंग समेत परामर्श लिन सक्नेछ ।

(ङ) समितिकासंयोजकर सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाको बैठकमा भाग लिँदा पाए सरहको बैठक भत्ता पाउनेछन् ।

६. **<u>कोषको व्यवस्थापन र सञ्चालन</u> :** महिला, बालबालिका सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोषकोनाममा नगरपालिकाले आफूले कारोवार गर्ने बैंकमा एउटा छुट्टैखाताखोली रकम जम्मा गर्नेछ । जसमानगर सभाको निर्णयबाट देहायका रकमहरू जम्मा हुनेछन् :-

(क) नगरपालिकाको आन्तरिक आयबाटमहिला, बालबालिका सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोषका लागि छुट्याइने वार्षिक रकम ।

(ख) वित्तीय समानिकरण अनुदान रराजस्व बाँडफाँडबाट यस कोषमा जम्मा गर्न मिल्ने रकम ।

(ग) दातृ निकाय, गैरसरकारी संस्था, सामाजिक संघ संस्थाबाट प्राप्त हुने रकम ।

(घ) अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

(ङ) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजहरुले तोकेको अन्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(च) नगर सभाबाट निर्णय भए बमोजिम एक आर्थिक वर्षका लागि कोषमा एकमुष्ट रकम जम्मा गरिनेछ । तर, रकम अपुग भई कोष

सञ्चालन समितिले माग गरेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(छ) कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजनबाहेक अन्य कार्यमाकोषको रकम खर्च गर्न पाइने छैन ।

(ज) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

(झ) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

(ञ) कोषको रकम खर्च गर्दा यस कार्यविधिमा तोकिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्यको हकमाटोखा नगरपालिकाको आर्थिक ऐन, २०७५ रसार्वजनिक खरीद ऐन, २०६३ तथा निमायवली २०६४ बमोजिम हुनेछ ।

७. **<u>सहयोग प्राप्त गर्न लाभग्राहीले पेश गर्नु पर्ने निवेदन र अन्य आवश्यक कागजातहरु :</u>**

१) लाभग्राहीहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

२) निवेदनसाथ आवश्यकता अनुसारका कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३) निवेदन र तोकिएकाअन्य कागजातहरु प्राप्त भएपछि मात्र समितिको बैठकमा पेश गरिनेछ ।

८. **<u>खारेजी र बचाउ :</u>**

क) यस कार्यबिधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानिय सरकार संचालन ऐन २०७४, टोखा नगरपालिकाको आर्थिक ऐन र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ लगायत प्रचलित कानुनसँग बाझिन गएको हदसम्म स्वतः खारेज हुनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा कोषको रकम नगरपालिकाको संचित कोषमा स्वतः दाखिल हुनेछ ।

ग) हालसम्म यस कोषवाट खर्च गर्ने गरी भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

# अनुसूची -१

(कार्यविधिको बुँदा ५ (ख) २ संग सम्बन्धित)

## लाभग्राहीले सहयोगका लाग पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् नगर प्रमुखज्यू
टोखा नगरपालिका ।

**विषय : महिला, बालबालिका सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोषबाट सहयोगका लागि पेश गरिएको निवेदन ।**

टोखा नगरपालिका वडा नं........... बस्ने ........................................... को छोरा/ बुहारी /श्रीमती / नाति / नातिनी म ...... वर्षको ......................................... लाई ....................................................... गर्न मेरो आर्थिक हैसियत नभएको ले तपशिलमा उल्लेख गरिएकाकागजातहरु संलग्न राखी नगरपालिकाबाट सहायता रकम पाउन यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु :**

१) नेपालीनागरिकताको प्रमाण पत्र को प्रतिलिपी(बालबालिकाहरुको हकमा संरक्षकको नागरिकता र बालबालिकाको जन्म दर्ता प्रमाणपत्र)
२) मतदाता परिचयपत्र
३) मेडिकल अधिकृतको सिफारिस (औषधी उपचारको हकमा)
४) अपाङ्गको हकमा अपाङ्गता परिचय पत्र
५) वडा कार्यालयको सिफरिस पत्र
५) विल भरपाईकोसक्कल विल थान.....
६) व्याज अनुदान सापटीका हकमा कार्यक्रम प्रस्ताव

निवेदक :
दस्तखत :
निवेदक :
नाम :
ठेगाना :
मिति :

**प्रमाणिकरण मिति : २०७५।११।२७**

**आज्ञाले,**
**प्रकाश आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**मूल्य रु.४०/-**